सधै र सबैको लागि खबर खोज्ने अभियान

# खबर दर्पण

Khabar Darpan National Daily

राष्ट्रिय दैनिक

विज्ञापन गराउन सम्पर्क गर्नुहोस् ।

यस खबर दर्पण दैनिक पत्रिकामा आफ्नो पसल, व्यापारिक प्रतिष्ठान, उद्योग, संघ संस्था, लगायतको प्रचार प्रसारको लागि अवश्य सम्पर्क गर्नुहोस् ।

सम्पर्क नं. : ९८४४०२५१८४, ९८०७६७५१२५, ९८५४०२९०५३, ९८०७८५०५८१, ९८६३६३२९८९

KHABAR DARPAN PRIMARY
CURRENT ACCOUNT • 2337087445300018
prabhu Bank

तपाई जुन सुकै ठाउँमा भए पनि हामीलाई सामग्री पठाएर । विज्ञापन वापतको रकम जम्मा गरेको स्क्रिनसट पठाउनुस् । हामी विज्ञापन गरी दिन्छौं ।

♦ वर्ष ९ ♦ अंक ३६१ ♦ २०८३ साल असोज ६ मंगलवार ♦ 22 Sep 2026 ♦ पृष्ठ ४ ♦ मुल्य रु. ५ ♦ www.shirishnews.com

## पार्टी एउटै छैन, हामी असोज १५ देखि आफ्नै अधिवेशन गर्छौं : विमलेन्द्र निधि

**खबर दर्पण समाचारदाता**

**असोज ५ गते, बर्दिवास**

"पार्टी त एउटै छैन, हामी अझै एउटा पार्टी बनोस् भन्ने चाहन्छौँ," नेपाली कांग्रेसका नेता विमलेन्द्र निधिले भन्नुभएको छ। सभापति गगन थापा नेतृत्वको पक्षले वडा अधिवेशन अघि बढाइरहेका बेला निधिले देउवा पक्षले पनि असोज १५ गतेदेखि वडा तहबाटै छुट्टै अधिवेशन प्रक्रिया अघि बढाउने र मंसिर २१, २२ र २३ गते केन्द्रीय महाधिवेशन गर्ने घोषणा गर्नुभएको हो।

विशेष महाधिवेशनपछि कांग्रेसको संगठनात्मक अवस्था अलग भएको दाबी गर्दै निधिले संस्थापन पक्षले अघि बढाएको महाधिवेशन प्रक्रियालाई आफूहरूले स्वीकार नगर्ने बताउनुभयो। उहाँका अनुसार देउवा पक्षले वडा तहदेखि केन्द्रसम्म आफ्नै अधिवेशन प्रक्रिया अघि बढाउने तयारी गरेको छ।

"हामीले असोज १५ गतेदेखि महाधिवेशन प्रक्रिया अघि बढाउने र मंसिर २१, २२ र २३ गते केन्द्रीय महाधिवेशनसहित सबै तहको अधिवेशन गर्ने तयारी गरेका छौँ," निधिले भन्नुभयो।

उहाँले जिल्ला र प्रदेश तहको अधिवेशन नगर्ने थापा पक्षको तयारीप्रति प्रश्न उठाउँदै संघीय संरचनाअनुसार पार्टीका सबै तहको अधिवेशन हुनुपर्ने बताउनुभयो। "उनीहरूले जिल्ला र प्रदेशको नगर्ने भनेको छ। यसको अर्थ उनीहरू जिल्ला र प्रदेश, जुन हाम्रो संघीय प्रणाली हो, त्यसलाई छोड्न खोजेको हो कि क्या हो ?" उहाँले भन्नुभयो।

थापा नेतृत्वको पक्षले असोज ३ र ४ गतेदेखि वडा अधिवेशन सुरु गरी असोज १६ देखि १९ गतेसम्म केन्द्रीय महाधिवेशन गर्ने कार्यतालिका अघि बढाएको छ। देउवा पक्षले भने त्यसलाई अस्वीकार गर्दै मंसिरमा आफ्नै महाधिवेशन गर्ने तयारी थालेको हो।

दुई पक्षका फरक-फरक कार्यतालिकासँगै कांग्रेसको महाधिवेशन विवाद अब केन्द्रीय तहबाट वडा तहसम्म पुगेको छ। एउटै पार्टीका दुई पक्षले छुट्टाछुट्टै अधिवेशन गरेमा वडा, पालिका, निर्वाचन क्षेत्र, जिल्ला हुँदै केन्द्रीय तहसम्म समानान्तर संगठनात्मक संरचना बन्ने अवस्था देखिएको छ।

निधिले भने दुई पक्षबीच महाधिवेशन प्रक्रिया अलग-अलग रूपमा अघि बढे पनि पार्टी एकताका लागि संवादको सम्भावना समाप्त नभएको बताउनुभयो। सभापति थापाले असोज १६ गतेसम्म सहमतिको प्रयास गर्ने बताउँदै आए पनि आफूहरूसँग अहिलेसम्म सम्पर्क नभएको उहाँको भनाइ छ।

आफ्नो समूहका केही नेता थापा पक्षमा गएको विषयमा निधिले त्यसलाई व्यक्तिगत राजनीतिक स्वतन्त्रताको विषयका रूपमा लिनुपर्ने बताउनुभयो। "जसलाई जाने इच्छा छ, स्वतन्त्रता छ, अधिकार छ। जता जोसँग जाने,



जुन पार्टीमा जाने, जोसँग जाने, ऊ स्वतन्त्र हुन्छ," उहाँले भन्नुभयो।

विशेष महाधिवेशनपछि कांग्रेस एउटै नरहेको दाबी गर्दै निधिले पार्टीलाई पुनः एकताबद्ध बनाउने प्रयास भइरहेको बताउनुभयो। "पार्टी एउटै नरहेको त विशेष महाधिवेशनबाट नै पार्टी फुटिसकेको हो। त्यसैले पार्टी त एउटै छैन," उहाँले भन्नुभयो, "अहिले खाली हामीले कोसिस गरिरहेका छौँ। हामी अझै एउटा पार्टी बनोस् भन्ने चाहन्छौँ।"

पार्टीको आधिकारिकतासम्बन्धी विवाद सर्वोच्च अदालतमा विचाराधीन रहेकाले अदालतको अन्तिम निर्णय पर्खनुपर्ने निधिले बताउनुभयो। सर्वोच्चले पुनरावलोकनका लागि निस्सा दिएको उल्लेख गर्दै उहाँले न्याय पाउने विश्वास व्यक्त गर्नुभयो।

निर्वाचन आयोगले विशेष महाधिवेशनलाई मान्यता दिँदै पार्टीको विवरण अद्यावधिक गरेको निर्णय गलत भएको निधिको दाबी छ। अदालतमा मुद्दा विचाराधीन रहेकाले राजनीतिक सहमतिको प्रयास पनि प्रभावकारी रूपमा अघि नबढेको उहाँले बताउनुभयो।

"अन्तिम फैसला आओस् न, के हुन्छ, त्यसपछि विचार गर्छौं," निधिले भन्नुभयो।

कांग्रेसभित्रको नेतृत्व तथा आधिकारिकताको विवादसँगै अब दुवै पक्षले आ-आफ्नो महाधिवेशन प्रक्रिया अघि बढाउने तयारी गरेका छन्। यसले पार्टीको संगठनात्मक संरचना र आगामी नेतृत्व चयनको प्रक्रिया थप जटिल बन्ने अवस्था सिर्जना गरेको छ।

## जनकपुरमा ड्युटीमा रहेका चिकित्सकमाथि हातपात गर्ने दुई जना पक्राउ, अन्यको खोजी तीव्र

**खबर दर्पण समाचारदाता**

**असोज ५ गते, बर्दिवास**

प्रादेशिक अस्पताल जनकपुरमा कार्यरत चिकित्सक सरोज साहमाथि हातपात तथा कुटपिटमा संलग्न भएको आरोपमा २ जना पक्राउ परेका छन् ।

जिल्ला प्रहरी कार्यालय धनुषाका अनुसार चिकित्सक माथि हातपात गरेको आरोपमा धनुषा, औरही गाउँपालिका, वडा नम्बर २ बस्ने वर्ष २० का विजय मुखिया र जनकपुर उपमहानगर पालिका वडा नम्बर ८ बस्ने वर्ष २६ की सुधिरा मुखिया बिनलाई नियन्त्रणमा लिएको जनाएको छ । पक्राउ परेका दुवै जनालाई धनुषा जिल्ला अदालतबाट ३ दिनको म्याद लिई थप अनुसन्धान जारी रहेको जनाएको छ ।

प्रहरी प्रवक्ता एवं डिएसपी ओमप्रकाश खनालले आरोपित दुवै जनालाई स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थाको सुरक्षा सम्बन्धी ऐन, २०६६ को दफा ३ (ग) बमोजिमको कसुर अन्तर्गत अनुसन्धान भइरहेको तथा घटनामा संलग्न अन्य व्यक्तिहरूको पहिचान गरी खोजतलास जारी रहेको बताए । उनका अनुसार यो ऐन अन्तर्गत कसुर गर्ने व्यक्तिलाई ३ वर्षसम्म कैद वा तीन लाख सम्म जरिवाना वा दुवै सजाय हुने कानुनी व्यवस्था रहेको जानकारी दिए ।

गएको बिहीबार प्रादेशिक अस्पताल जनकपुरको बर्थिङ्ग सेन्टरमा प्रसूतिका लागि आएकी महिलाका आफन्तहरूले शल्यक्रियामा लापरबाही गरेको आरोप लगाउँदै ड्युटीमा रहेका चिकित्सक सरोज साहलाई हातपात गर्दै कुटपिट गरेका थिए । कुटपिट भएपछि चिकित्सकहरू आन्दोलित भएका थिए । चिकित्सकहरूले उपचारको क्रममा लापरबाही भएको भए अनुसन्धान गर्ने निकायमा उजुरी दिनुको साटो अस्पतालमा खटिएका स्वास्थ्यकर्मी माथि हातपात तथा कुटपिट हुनुलाई गम्भीर रूपमा लिएको भन्दै आरोपितलाई कारबाहीको माग गरेका थिए । यो अस्पतालमा बारम्बार यस्ता घटना घट्दै आएको छ ।

## ई-लाइब्रेरी स्थापना गर्न लायन्स क्लब र मैथिली विकास कोषबीच सम्झौता

**खबर दर्पण समाचारदाता**

**असोज ५ गते, बर्दिवास**

लायन्स क्लब अफ जनकपुर धामले आफ्नो स्वर्ण जयन्ती समारोहको अवसर पारेर जनकपुरधाममा सुविधासम्पन्न ई-लाइब्रेरी (डिजिटल पुस्तकालय) स्थापना गर्ने भएको छ ।

ई-लाइब्रेरी स्थापनाका लागि लायन्स क्लब अफ जनकपुरधाम र मैथिली विकास कोषबीच सोमबार सम्झौता भएको हो । सम्झौतामा लायन्स क्लब अफ जनकपुरधामका अध्यक्ष प्रसून मिश्र र मैथिली विकास कोषका अध्यक्ष जीवनाथ चौधरीले हस्ताक्षर गरेका छन् ।

सम्झौताअनुसार ई-लाइब्रेरी सञ्चालनमा आएपछि पाठकले डिजिटल माध्यमबाट पुस्तक तथा विभिन्न ज्ञानवर्धक सामग्रीमा पहुँच पाउनेछन् । यसले पठन संस्कृतिको विकाससँगै ज्ञान र प्रविधिको प्रयोगलाई समेत प्रोत्साहन गर्ने विश्वास गरिएको छ ।

सम्झौता कार्यक्रममा लायन्स क्लब अफ जनकपुरधामका पदाधिकारी हरि राउत, विद्याकर साह, निर्मल सिंघानिया, दीपेन्द्र सिंह र लक्ष्मीनारायण साहको सहभागिता थियो ।

त्यस्तै, ई-लाइब्रेरी सफ्टवेयर डेभलपर विदेह सिस्टम्स प्रालिका वात्स्यायन, मैथिली विकास कोषका सदस्य सचिव श्यामसुन्दर शशी तथा कोषका मिडिया प्रभारी शिवम पाण्डे पनि उपस्थित थिए ।

लायन्स क्लब अफ जनकपुर धामका संस्थापक अध्यक्ष डा. जयबल्लभ दास हुन् ।

संस्थाको नेतृत्व गर्दै डा. रामकेवल साह, डा. विजयकुमार सिंह, प्रा. रामकुमार यादव, रमबाबु गुप्ता र कौशल किशोर सर्राफलगायतले सामाजिक सेवा तथा संस्थागत विकासमा योगदान पुऱ्याउँदै आएका छन् ।

लायन्स क्लब र मैथिली विकास कोषबीचको सहकार्यलाई ज्ञान, प्रविधि तथा मैथिली भाषा संस्कृतिको संरक्षण र प्रवर्द्धनसँग जोडिएको पहलका रूपमा लिइएको छ ।

स्वर्ण जयन्तीको अवसरमा स्थापना हुन लागेको ई-लाइब्रेरीले जनकपुरधामको अध्ययन तथा अनुसन्धानको वातावरणलाई थप प्रविधिमैत्री बनाउन सहयोग पुग्ने विश्वास गरिएको छ ।

खबर दर्पण
राष्ट्रिय दैनिक


# रास्वपा मधेसको अधिवेशन नहुनुमा संघीय सांसद र केन्द्रीय नेताहरूको स्वार्थ मुख्य कारक

**खबर दर्पण समाचारदाता**
**असोज ५ गते, बर्दिबास**

सत्तारूढ दल राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सहमहामन्त्री हरि ढकालले मधेस प्रदेशमा आन्तरिक विवाद सम्बन्धी अडिट रिपोर्ट पार्टीमा पेस गरेका छन्। आइतबार बसेको पार्टीको सचिवालय बैठकमा ढकालले प्रारम्भिक अडिट रिपोर्ट पेस गरेका थिए । उनी अडिट समितिका संयोजकसमेत हुन् । मधेसबाट निर्वाचित संघीय संघीय सांसद र त्यहाँबाट प्रतिनिधित्व गर्ने पार्टीका केन्द्रीय सदस्यहरूको आ-आफ्ना स्वार्थका कारण अधिवेशन हुन नसकेको प्रारम्भिक निष्कर्ष निकालिएको एक सदस्यले जानकारी दिए ।

आठ जिल्ला रहेको मधेसमा केन्द्रीय महाधिवेशनअघि आन्तरिक विवाद र जातीय सङ्किर्णताका कारण पर्साबाहेक अन्य जिल्ला अधिवेशन रोकिएको थियो । रास्वपाका एक सचिवालय सदस्यका अनुसार मधेसमा सहजै अधिवेशन गर्न सक्ने अवस्था नभएकाले पार्टीले हस्तक्षेप गर्नुपर्ने सुझाव आएको छ ।

'संघीय संसदमा प्रतिनिधि गर्ने सांसदरू, केन्द्रीय सदस्यहरूको आ-आफ्ना स्वार्थ जोडिएकाले मधेसमा अधिवेशन हुन नसकेको प्रारम्भिक निष्कर्ष छ । मधेसमा हाम्रो पार्टीको मात्र होइन, अन्य पार्टीमा पनि त्यस्तै समस्या रहेछ । जातीय र भेगीय समस्या देखियो', रातोपाटीसँग ती सदस्यले भने, 'स्थानीय तहको टिकट दिलाउने आश्वासन दिएर आफू अनुकूल नेतृत्वमा ल्याउन संघीय सांसदबाटै दबाब दिइएको गुनासो पनि आएका छन् । आगामी स्थानीय तह र प्रदेश सभा निर्वाचनका लागि पहिल्यै पैसा असुल भएको पनि पाइयो ।'

समग्र मधेसको सांगठनिक अवस्थाबारे बैठकमा ब्रिफिङ गर्दै संयोजक ढकालले यथास्थितिमा केन्द्रबाटै हस्तक्षेप गरी अधिवेशन गराउन सुझाव दिएको अर्को एक सदस्यले बताए ।

'मधेसको अवस्था जटिल देखिन्छ । संघीय सांसदहरूले प्रदेश समितिलाई कामै गर्न नसक्नेगरी हस्तक्षेप गरिएको गुनासो आएका छन् । पार्टीले हस्तक्षेप नगरी यथास्थितिमा अधिवेशन गर्न अप्ठ्यारो रहेको प्रारम्भिक निष्कर्ष छ । संयोजकले एक हप्तामा पूर्ण प्रतिवेदन पेस गर्छु भन्नुभएको छ । त्यसपछि मात्र वास्तविकता थाहा होला,' एक सचिवालय सदस्यले भने ।

संयोजक ढकालको ब्रिफिङ सुनिसकेपछि सभापति रवि लामिछानेले पूर्ण रिपोर्ट आएपश्चात् पार्टीले उपयुक्त समयमा मधेस अधिवेशन गराउने बताएका थिए । बैठकको निर्णयमा पनि पार्टीको मधेस प्रदेशको सांगठनिक अवस्था तथा कार्यसम्पादन अडिटका सन्दर्भमा आवश्यक रणनीतिक कदमहरू अगाडि बढाउने निर्णय भएको थियो ।

'संयोजक तथा पार्टीका सहमहामन्त्री हरि ढकालज्यूले प्रारम्भिक प्रतिवेदन प्रस्तुत गर्नुभएको छ । यसको विस्तृत प्रतिवेदन प्राप्त भएपश्चात् पार्टीले आवश्यक थप रणनीतिक कदमहरू अगाडि बढाउने निर्णय गरेको छ', पार्टीको विज्ञप्तिमा भनिएको छ ।

अडिट समितिमा सुरेन्द्र चौधरी, अशोककुमार चौधरी, प्रमोद न्यौपाने, जगदीश खरेल र पुनम अग्रवाल सदस्य थिए । भदौ ५ गते बसेको रास्वपाको केन्द्रीय समिति बैठकले ढकालको संयोजकत्वमा अडिट समिति गठन गर्ने निर्णय गरेको थियो । मधेस प्रदेशमा महाधिवेशन हुन नसक्नुका कारण पत्ता लगाउन समितिले भदौ २५ गते पर्साबाट अडिटको काम थालेको थियो । पार्टीको आन्तरिक विवादका कारण पर्साबाहेक अन्य ७ जिल्लामा अधिवेशन प्रक्रिया रोकिएपछि गत असारमा चितवनमा सम्पन्न राष्ट्रिय भेलामा पुराना महाधिवेशन प्रतिनिधिहरूलाई नै सहभागी गराइएको थियो ।

पर्सामा एक महिना ढिलागरी तत्कालीन केन्द्रीय संगठन विभागका सचिव शंकर श्रेष्ठको उपस्थितिमा अधिवेशन भएको थियो। जिल्ला सभापतिमा पर्सा क्षेत्र नं. २ का सांसद सुशीलकुमार कानुलाई ४८ मतान्तरले पराजित गरी क्षेत्र नं. १ का सांसद हरि पन्त विजयी भएका थिए। बाँकी ७ जिल्लामा असुरक्षाको कारण देखाएर पार्टीको केन्द्रीय निर्वाचन आयोगले अधिवेशन स्थगित गरेको थियो ।

आयोगका पदाधिकारीका अनुसार पार्टीको निर्णय आएपछि मात्र मधेस प्रदेश र जिल्लाका अधिवेशन प्रक्रिया अगाडि बढाइनेछ । आयोगले जेठ २६ गते एक सूचना जारी गर्दै अधिवेशनको निष्पक्ष, पारदर्शी, विश्वसनीय तथा विधिसम्मत सञ्चालन सुनिश्चित गर्न आवश्यक देखिएकाले मधेस अधिवेशनको सम्पूर्ण गतिविधि स्थगित गरिएको जानकारी दिएको थियो ।

मधेसको वस्तुगत अवस्था, आन्तरिक विवाद बुझ्न का लागि सभापति लामिछाने आफैं मधेस जाने तयारी भएको थियो। तर , भदौ १० गते भोटेकोशीमा आएको विनाशकारी बाढीका कारण ठुलो जनधनको क्षति भएपछि उनको मधेस भ्रमण स्थगित भएको थियो ।

केन्द्रीय महाधिवेशन भएको तीन महिना पुगिसक्दा पनि मधेसमा अधिवेशन प्रक्रिया अगाडि बढेको छैन। मधेसका एक नेताका अनुसार दसैं-तिहार अगाडि अधिवेशन हुने सम्भावना देखिँदैन ।

'अडिट समितिको प्रारम्भिक प्रतिवेदन भर्खर पार्टीलाई बुझाएको छ । पूर्ण प्रतिवेदन आउन अझै एक-डेढ हप्ता लाग्छ। पार्टीले त्यसको विस्तृत अध्ययन गरेपछि कसरी अगाडि बढ्ने भन्नेमा एउटा निर्णयमा पुग्ला', ती नेताले भने, 'यथास्थितिमा मधेसमा अधिवेशन गर्न सम्भव छैन । अधिवेशन गराउने जिम्मा महाधिवेशन अगाडि नै पार्टी सभापतिलाई दिएको छ। हामीले मधेसको समस्या बुझ्न र विजीलाई नै आउनुपर्छ भनेका छौं । दसैं-तिहार-छठ पर्व नजिकिएकाले अहिले अधिवेशन गर्न सम्भव छैन ।'




पार्टीका दुई पक्षबिच विवाद बढ्दै जाँदा स्थिति काबु बाहिर पुग्ने देखिएपछि पार्टी सभापति लामिछानेले असार ३ गते मधेसबाट प्रतिनिधित्व गर्ने सांसदहरू र नेताहरूसँग छलफल गरेका थिए। त्यतिबेला मधेसका कारणले आफ्नो शिर निहुरिएको गुनासो उनले पोखेका थिए ।

अन्य प्रदेशको तुलनामा मधेस बेग्लै भएकाले राजनीतिक समाधान गर्न निकै कठिन देखिएको छ । पछिल्लो समय पार्टी नेतृत्वकै सरकारसँग मधेस असन्तुष्ट देखिएको छ । रास्वपाका सांसद डा. अमरेश कुमार सिंहले दसैं-तिहारपछि मधेसमा ठुलो विद्रोह हुने चेतावनी दिँदै आएका छन् । वालेन्द्र सरकारको कार्यशैलीलाई लिएर सिंह आफैं असन्तुष्ट देखिएका छन् । गत वर्ष जेनजी आन्दोलनको बलमा रास्वपाले शक्ति आर्जन गरेको थियो । फागुनमा भएको निर्वाचनमा मधेसी मूलका वरिष्ठ नेता शाह प्रधानमन्त्रीको उम्मेदवार बनेपछि पार्टीले अभूतपूर्व नतिजा ल्याएको थियो । मधेसमा ३२ वटा प्रतिनिधि सभा निर्वाचन क्षेत्रमध्ये रास्वपाले ३० सिट जितेको थियो ।

रास्वपाका पूर्वप्रवक्ता मनिष झा, निर्वतमान सभापति तपेश्वर यादव, जेनजी अगुवा एवं सांसद पुरुषोत्तम यादव लगायत नेताहरूको कार्यशैलीप्रति मधेसी नेताहरूले तीव्र असन्तुष्टि व्यक्त गरेका छन् । उनीहरूकै कारण पार्टी सङ्गठन ध्वस्त भएको प्रदेशस्तरीय नेताहरूले आरोप लगाएका छन्।

नेपाल सरकार
उद्योग बाणिज्य तथा आपूर्ति मन्त्रालय
**कम्पनी रजिष्ट्रारको कार्यालयको**
**कम्पनी दर्ता खारेजी गरिएको सूचना**
यस कार्यालयमा मिति २०६१।१०।२७ मा दर्ता भएको प्रा.लि.नं.**३२८३३** भएको सौरब केवल नेटवर्क (प्रा.ली.) नामको कम्पनी यस कार्यालयको मिति २०८३।०६।०४ निर्णय अनुसार कम्पनी ऐन २०६३ को दफा १३६(१) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धीत सबैको जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ ।

नेपाल सरकार
उद्योग बाणिज्य तथा आपूर्ति मन्त्रालय
**कम्पनी रजिष्ट्रारको कार्यालयको**
**कम्पनी दर्ता खारेजी गरिएको सूचना**
यस कार्यालयमा मिति २०८१।०९।२५ मा दर्ता भएको प्रा.लि.नं.**३५८९७६** भएको चीजमोङगर नेपालय (प्रा.ली.) नामको कम्पनी यस कार्यालयको मिति २०८३।०६।०४ निर्णय अनुसार कम्पनी ऐन २०६३ को दफा १३६(१) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धीत सबैको जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ ।

## आवश्यक टेलिफोन नम्बरहरू

### जनकपुर

| | |
|---|---|
| धनुषा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | ५२५८०० |
| जनपा वारुण यन्त्र | ५२००११ |
| एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| एम्बुलेन्स (मारवाडी सेवा समिति) | –५२२७६२, ५२१७८४ |
| एम्बुलेन्स (जानकी मेडिकल कलेज) | –५२६०९०, ५२६०९१ |
| महाविर युवा कमिटी ऐंबुलेंस् | २५९८० |
| कृष्णा नर्सिंग होम | ५२१९१८ |
| जनकपुर मेडिकल सेन्टर | ५२०७१४ |
| जिया अल्ट्रासाउण्ड इमरजेन्सी सेन्टर | ५२३३२८ |
| जनकपुर रेल्वे | ५२०२११ |
| आँखा अस्पताल | ५२०३९७ |
| जनकपुर सुरक्षा गुल्म | ५२०१८६/५२६५८६ |
| प्रहरी | ५२००९९ |
| एम्बुलेन्स रेडक्रस | १०२ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| बच्छार प्रसुति सेवा केन्द्र | ५२२४५७ |
| विद्युत फ्युज शाखा | ५२०१५१ |
| बुद्ध एयर | ५२५०२२ |
| गोर्खा एयर | ५२१२९४ |
| सीता एयर | ५२५९९० |
| जानकी केबल टिभी नेटवर्क | ५२३७२८ |

### बर्दिबास

| | |
|---|---|
| बर्दिबास अस्पताल | ५५००९० |
| ट्राफीक प्रहरी | ५५००५५ |
| छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला खानेपानि (गौरी डाडाँ ) | ५५०००५ |
| ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| बर्दिबास नगरपालिका | ५५००३१ |
| खानेपानि कार्यालय | ५५०११० |
| प्रहरी | ५२०१९९ |
| प्रहरी | ५२००९९ |
| बर्दिबास दुरसञ्चार | ५५०००० |
| पारिजात स्मृति अस्पताल | ५५०३७२ |
| नेपाल परिवार नियोजन संघ | ५५०१०७ |
| इलाका प्रहरी कार्यलय बर्दिबास | ५५०००६ |
| खानेपानी बर्दिबास | ५५०१४३ |
| रेडक्रस एम्बुलेन्स | ५२०१०० |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ |
| शूभ स्वस्तिक हस्पिटल | ५५०२५५ |
| जनसेवा हस्पिटल | ५५०४०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ |
| इलाका प्रशासन कार्यालय बर्दिवास | ५५०६६८ |
| IRDS समाज सहकारी अस्पताल | ५५०४०१ |

### ढल्केवर

| | |
|---|---|
| खानेपानी | ९८२४८०५९५० |
| इलाका प्रहरी कार्यालय | ०४१-५६०१०० |
| प्रहरी | ५२००९९ |
| विद्युत फ्युज शाखा | ०४१-५६०१६८ |
| एम्बुलेन्स | ९८०४८६७५५४ |
| एम्बुलेन्स | ९८१५८३२०३२ |
| ओम शान्ति पोलिक्लिनिक | ०४१-५६०१५२ |

### जलेश्वर

| | |
|---|---|
| अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ |
| एम्वुलेन्स | ५२०१०० |
| विद्युत् | ५२००६६ |
| विद्युत् | ५२०११६ |

### महेन्द्रनगर

एम्बुलेन्स
(सोसल वेलफेयर & रिसर्च सेन्टर) ४१-५४०२३२
महेन्द्रनगर,धनुषा ९८४४०२४४५०/
९८०४८२५८६०

एम्बुलेन्स
(हिमालय युवा क्लव नक्टाझिज) ०४१-६२०४९१
९८०४८१५१२६

इलाका प्रहरी कार्यालय महेन्द्रनगर ५४०१९९
विद्युत प्राधिकरण महेन्द्रनगर ५४०१६१

# औरहीका नौ वडामा कांग्रेसको १५ औँ वडाअधिवेशन सम्पन्न

धर्वेन्द्रकुमार यादव 'यदुवंशी'

**असोज ५ गते, महोत्तरी**

नेपाली कांग्रेसको केन्द्रीय कार्यसमितिको निर्देशनअनुसार महोत्तरीको औरही नगर पालिकाका नौवटै वडामा नेपाली कांग्रेसको १५औँ वडाअधिवेशन सम्पन्न भएको छ। अधिवेशनबाट नौवटै वडामा सभापति सर्वसम्मत चयन हुनुभएको छ।



नेपाली कांग्रेसका केन्द्रीय सदस्य सुनिलकुमार यादवको प्रमुख आतिथ्य तथा मधेस प्रदेश कमिटी सदस्य नरेन्द्र यादव र औरही नगर सभापति योगेन्द्र यादवको अध्यक्षतामा अधिवेशन सम्पन्न भएको हो। अधिवेशनमा पार्टीका नेता, कार्यकर्ता तथा शुभेच्छुकहरूको सहभागिता रहेको थियो।

अधिवेशनबाट वडा नं. १ मा सुजित यादव, वडा नं. २ मा नागेन्द्र साह, वडा नं. ३ मा लालकिशोर यादव, वडा नं. ४ मा रामपृत साह, वडा नं. ५ मा ब्रह्मदेव राय, वडा नं. ६ मा वीरेन्द्र यादव, वडा नं. ७ मा दिलीप यादव, वडा नं. ८ मा श्रीप्रसाद यादव र वडा नं. ९ मा महेन्द्र महतो सभापतिमा सर्वसम्मत चयन हुनुभएको छ।

अधिवेशनमा पार्टी संगठन सुदृढीकरण, लोकतान्त्रिक मूल्य-मान्यता, जनतामुखी राजनीति तथा आगामी संगठनात्मक रणनीतिका विषयमा छलफल भएको थियो। सहभागीहरूले पार्टी संगठनलाई वडा तथा टोल तहसम्म थप सुदृढ, व्यवस्थित र क्रियाशील बनाउने प्रतिबद्धता व्यक्त गर्नुभएको थियो।

प्रमुख अतिथि सुनिलकुमार यादवले कांग्रेसको संगठनलाई वडा तहदेखि नै बलियो बनाउनुपर्ने बताउनुभयो। उहाँले पार्टीको नीति, सिद्धान्त र लोकतान्त्रिक मूल्य-मान्यतालाई व्यवहारमा कार्यान्वयन गर्दै जनताको भावना र अपेक्षाअनुसार काम गर्नुपर्नेमा जोड दिनुभयो। पार्टीभित्र एकता, अनुशासन र सक्रियता कायम गर्दै संगठनलाई थप सुदृढ बनाउन सबै नेता तथा कार्यकर्ता एकताबद्ध भएर अघि बढ्नुपर्ने उहाँको भनाइ थियो।

विशिष्ट अतिथि मधेस प्रदेश कमिटी सदस्य नरेन्द्र यादवले पार्टी संगठनलाई वडा तहदेखि नै सुदृढ र व्यवस्थित बनाउन अधिवेशनले महत्वपूर्ण आधार तयार गरेको बताउनुभयो। उहाँले पार्टीको नीति तथा सिद्धान्तअनुसार जनताका समस्या र अपेक्षालाई प्राथमिकतामा राखेर काम गर्नुपर्नेमा जोड दिनुभयो। नेता तथा कार्यकर्ताबीच एकता, सहकार्य र समन्वय कायम गर्दै संगठन विस्तारमा ध्यान दिनुपर्ने उहाँले बताउनुभयो।

औरही नगर सभापति योगेन्द्र यादवले वडा तहको संगठनलाई सुदृढ, व्यवस्थित र प्रभावकारी बनाउन १५औँ वडाअधिवेशन महत्वपूर्ण रहेको बताउनुभयो। उहाँले सर्वसम्मत रूपमा चयन भएका वडासभापतिहरूले पार्टीको नीति, सिद्धान्त र विधानअनुसार संगठन विस्तार तथा सुदृढीकरणमा प्रभावकारी भूमिका निर्वाह गर्ने विश्वास व्यक्त गर्नुभयो।

स्थानीयस्तरका समस्या तथा जनअपेक्षालाई प्राथमिकताका साथ सम्बोधन गर्दै पार्टी संगठनलाई जनतासँग थप निकट बनाउनुपर्नेमा जोड दिँदै उहाँले नेता तथा कार्यकर्ताबीच एकता, अनुशासन, समन्वय र सहकार्य आवश्यक रहेको बताउनुभयो। नवनिर्वाचित वडासभापतिहरूले आफूहरूलाई दिइएको जिम्मेवारी इमानदारीपूर्वक निर्वाह गर्दै पार्टी संगठन विस्तार, कार्यकर्ता परिचालन तथा जनतासँगको सम्बन्धलाई थप सुदृढ बनाउन सक्रिय रहने प्रतिबद्धता व्यक्त गर्नुभएको थियो।

सौहार्दपूर्ण र लोकतान्त्रिक वातावरणमा सम्पन्न अधिवेशनले औरही नगर पालिकामा नेपाली कांग्रेसको संगठनलाई वडा तहदेखि थप व्यवस्थित र सुदृढ बनाउन सहयोग पुग्ने विश्वास सहभागीहरूले व्यक्त गर्नुभएको छ।

# औरही-१ को जनता आधारभूत विद्यालयमा सर्वसम्मत व्यवस्थापन समिति गठन

खबर दर्पण समाचारदाता

**असोज ५ गते, बर्दिवास**



महोत्तरीको औरही नगर पालिका-१, औरही बजारस्थित श्री जनता आधारभूत विद्यालय (कक्षा ०-८) मा सात महिनापछि विद्यालय व्यवस्थापन समिति गठन भएको छ।

विद्यालय व्यवस्थापन समिति विगत सात महिनादेखि गठन हुन नसकेको अवस्थामा सोमबार दिउँसो १ बजे आयोजित अभिभावक भेलाबाट चार जना सदस्य सर्वसम्मत रूपमा चयन गरिएको हो।

औरही नगरपालिकाका शिक्षा शाखा प्रमुख धनबहादुर राईको प्रमुख आतिथ्य तथा औरही नगर पालिका-१ का कार्यवाहक वडा अध्यक्ष सुशीलकुमार साहको उपस्थितिमा सम्पन्न भेलाले राजनारायण सदा, प्रीतम साह, श्रीपतीदेवी साह र पवितादेवीलाई विद्यालय व्यवस्थापन समितिको सदस्यमा सर्वसम्मत चयन गरेको छ।

चयन भएका चार जना सदस्यमध्येबाट समितिको अध्यक्ष आगामी बैठकबाट चयन गरिने जनाइएको छ।

भेलामा विद्यालयका अभिभावक, शिक्षक, स्थानीयवासी, बुद्धिजीवी, उद्योग वाणिज्य सङ्घका पदाधिकारी तथा महिलालगायतको सहभागिता रहेको थियो। सहभागीहरूले विद्यालयको शैक्षिक गुणस्तर सुधार, विद्यार्थीको नियमित उपस्थिति, भौतिक पूर्वाधार विकास तथा विद्यालयको व्यवस्थापकीय पक्षलाई प्रभावकारी बनाउनुपर्नेमा जोड दिएका थिए।

शिक्षा शाखा प्रमुख राईले विद्यालय व्यवस्थापन समिति गठन भएपछि विद्यालयको शैक्षिक तथा प्रशासनिक गतिविधि थप व्यवस्थित हुने बताउनुभएको थियो। उहाँले विद्यालयको शैक्षिक गुणस्तर सुधारका लागि शिक्षक, अभिभावक, व्यवस्थापन समिति र स्थानीय समुदायबीच प्रभावकारी समन्वय तथा सहकार्य आवश्यक रहेको धारणा राख्नुभएको थियो।

कार्यवाहक वडा अध्यक्ष साहले लामो समयदेखि व्यवस्थापन समिति विहीन रहेको विद्यालयमा समिति गठन हुनु सकारात्मक भएको बताउनुभएको थियो। उहाँले विद्यालयको समग्र विकास तथा विद्यार्थीको सिकाइ उपलब्धि सुधारका लागि सबै पक्षले जिम्मेवारीपूर्वक भूमिका निर्वाह गर्नुपर्नेमा जोड दिनुभएको थियो।

औरही नगरपालिका-१ का अभिभावक रामब्रण मण्डलले अभिभावकको सहभागितामा सर्वसम्मत रूपमा व्यवस्थापन समिति गठन हुनु सकारात्मक भएको बताउनुभएको थियो। उहाँले विद्यालयको शैक्षिक गुणस्तर सुधार तथा विद्यार्थीको भविष्य निर्माणका लागि शिक्षक, अभिभावक र व्यवस्थापन समितिबीच निरन्तर समन्वय आवश्यक रहेको धारणा राख्नुभएको थियो।

औरही बजारका स्थानीय राजु चौधरीले पनि लामो समयपछि विद्यालय व्यवस्थापन समिति गठन हुनु विद्यालयको शैक्षिक तथा व्यवस्थापकीय सुधारका लागि महत्वपूर्ण भएको बताउनुभएको थियो। उहाँले विद्यालयको भौतिक पूर्वाधार विकाससँगै शैक्षिक गुणस्तर सुधारमा समेत ध्यान दिनुपर्ने आवश्यकता औँल्याउनुभएको थियो।

विद्यालय व्यवस्थापन समिति गठन भएपछि विद्यालयका शैक्षिक, प्रशासनिक तथा व्यवस्थापकीय गतिविधि थप व्यवस्थित हुनुका साथै विद्यालयको समग्र विकासमा अभिभावक तथा स्थानीय समुदायको सहभागिता बढ्ने अपेक्षा गरिएको छ।



# बाढीले खोस्यो सम्पर्क, आशा खोसिएन : अजयको पर्खाइमा पूजा,

## २५ दिनदेखि एउटै प्रार्थना : 'मेरो मान्छे सकुशल फर्काइदेऊ'

अजयकुमार साह

**असोज ५ गते, बर्दिवास**

भदौ १० गते रसुवाको भोटेकोशीमा आएको विनाशकारी बाढीले धेरै परिवारको जीवनमा अकल्पनीय पीडा थप्यो। कतै आफन्त गुमे, कतै घरबार बग्यो। तर जनकपुरकी पूजा शाहका लागि त्यो दिनदेखि समय रोकिएको जस्तै भएको छ। उनका लागि हरेक बिहान एउटै प्रश्न लिएर आउँछ–'मेरो श्रीमान् अजय कहाँ छन् ?' बाढी आएको २५ दिन बितिसकेको छ। तर धनुषाको कमला नगर पालिका-६ का ३० वर्षीय इन्जिनियर अजयप्रसाद सिंहको कुनै खबर छैन। रसुवास्थित माथिल्लो त्रिशूली-१ जलविद्युत् आयोजनामा कार्यरत सिंह बाढीपछि सम्पर्कविहीन भएका हुन्।

दिन बित्दै जाँदा अजय फर्किने आशा भने पूजाले अझै छाडेकी छैनन्। बरु प्रत्येक दिन ढोकातिर हेर्दै, फोन बज्दा झस्किँदै र कुनै खबर आउला कि भन्दै उनी पर्खिरहेकी छन्।

'भगवान्, साँच्चिकै तिमी छौ भने मेरो यो पुकार किन सुनिरहेका छैनौ ?' पूजाले सामाजिक सञ्जालमा लेखेकी छन्, 'यति धेरै दिनदेखि तिमीलाई पुकारिरहेकी छु, रोइरहेकी छु, प्रार्थना गरि रहेकी छु। मेरो बुढो २५ दिनदेखि बेपत्ता छन्।'

उनका लागि २५ दिन केवल पात्रोमा थपिएका केही मिति होइनन्। ती २५ दिन अनिश्चितता, आशंका, प्रार्थना र प्रतीक्षामा बितेका छन्। श्रीमान्को अवस्था थाहा नहुँदा हरेक क्षण भारी बनेको उनी बताउँछिन्।

'अब त यो पीडाले सास फेर्न पनि गाह्रो भइरहेको छ,' उनले लेखेकी छन्।

पूजाको चाहना ठूलो छैन। श्रीमान् सकुशल फर्किऊन्, यति मात्रै उनको प्रार्थना छ। धन, सम्पत्ति वा अन्य कुनै चाहना नरहेको बताउँदै उनले भगवान्सँग आफ्नो 'मान्छे' मात्र फर्काइदिन आग्रह गरेकी छन्।

'मसँग केही माग छैन, केही चाहिएको छैन–मलाई मेरो मान्छे मात्र फर्काइदेऊ,' उनले लेखेकी छन्, 'जहाँ छन्, जसरी छन्, सुरक्षित राखेर मेरो अगाडि ल्याइदेऊ।'





पूजाका लागि अजय केवल श्रीमान् होइनन्, उनीहरूको सानो परिवारको केन्द्र हुन्। उनीहरूको सानो संसारमा एउटी छोरी पनि छिन्। छोरीले अझै बाबाको बाटो हेरिरहेकी छन्।

'मेरो छोरीलाई उसको बाबा चाहिएको छ, मलाई मेरो बुढो चाहिएको छ। हाम्रो सानो संसार फेरि पूरा गरिदेऊ,' पूजाको प्रार्थना छ।

श्रीमानको अवस्थाबारे लामो समयसम्म कुनै जानकारी नआएपछि आफू मानसिक रूपमा निकै कमजोर बन्दै गएको उनले बताएकी छन्। अनिश्चितताको यो घडीमा कहिलेकाहीँ मनले हार मान्न खोजे पनि छोरीकै अनुहार हेरेर आफूलाई सम्हालिरहेको उनको भनाइ छ।

'यस्तो अनिश्चितता र तड्पाइमा जीवन बिताउनुभन्दा मेरो मनले हार्न खोज्छ,' उनले लेखेकी छन्, 'तर मेरी छोरीलाई हेरेर म आफूलाई सम्हालिरहेकी छु।'

पूजाको मोबाइलमा आउने प्रत्येक फोन अब एउटा सम्भावना बनेको छ। कुनै अपरिचित नम्बर देखिँदा पनि कतै अजयको खबर त होइन भन्ने आशा जाग्छ। तर खबर नआउँदा फेरि उही प्रतीक्षा सुरु हुन्छ।

बाढीले अजयलाई कहाँ पुऱ्यायो, उनी जीवित छन् कि छैनन्, सुरक्षित स्थानमा छन् कि छैनन्–यी प्रश्नको उत्तर अहिलेसम्म पूजासँग छैन। तर उत्तर नपाउँदा पनि उनले आशा भने छाडेकी छैनन्।

'मेरो मान्छे जहाँबाट भए पनि फर्काइदेऊ,' उनको भावुक अपिल छ, 'मेरो छोरीको बाबालाई उसको काखमा फर्काइदेऊ। मेरो संसारलाई फेरि मेरो अगाडि उभ्याइदेऊ।'

भोटेकोशीमा भदौ १० गते आएको बाढीपछि माथिल्लो त्रिशूली-१ जलविद्युत् आयोजनामा कार्यरत केही व्यक्ति सम्पर्कविहीन भएका थिए। उनीहरूको खोजीका लागि आयोजनाका प्रतिनिधिसहित विभिन्न निकायको संयुक्त टोलीले खोजी कार्य जारी राखेको छ। तर खोजी टोलीले आफ्नो काम गरिरहँदा जनकपुरमा एउटी पत्नी र एउटी छोरीको प्रतीक्षा पनि जारी छ–कुनै दिन ढोका खुल्नेछ र अजय सकुशल फर्केर आउनेछन् भन्ने आशामा।

पूजाका लागि अहिले भगवानसंग एउटै प्रार्थना छ–'मेरो मान्छे फर्काइदेऊ।'

सचेत उपभोक्ता बनौं

**सामान खरिद गर्दा देहायका बिषय एकिन गरौः**

- उत्पादकको नाम, ठेगाना र दर्ता नम्बर,
- वस्तुको उत्पादन मिति र उपभोग गरिसक्नुपर्ने मिति,
- आयातित वस्तुको हकमा आयातकर्ताको नाम, ठेगाना,
- वस्तुमा भएको मिश्रण, तौल र परिमाण,
- वस्तुको अधिकतम् बिक्री मूल्य,
- गुणस्तर निर्धारण भएको वस्तुको हकमा त्यस्तो वस्तुको गुणस्तर,
- वस्तुको प्रयोग गर्ने तरीका र प्रयोग गर्नु पूर्वको सावधानी।

**सामान खरिद गर्दा सकेसम्म बैकिङ माध्यमबाट भुक्तानी गरौं**

**भुक्तानी गरेको मूल्य बराबरको विल लिऔं**

गौशाला नगरपालिका, महोत्तरी

स्वच्छ शहरः स्वस्थ्य शहर

- धुवाँ बढी फाल्ने सवारी साधनको प्रयोग नगरौं,
- सवारी साधनको समय-समयमा मर्मतसम्भार गरौं,
- तोकिएको स्थानमा मात्र फोहर फालौं,
- नदी किनार, सडक छेउ र सार्वजनिक स्थानमा वृक्षारोपण गरौं,
- सार्वजनिक स्थलका बोट-विरुवा तथा फलफूलको संरक्षण गरौं,
- ध्वनि र वायु प्रदुषण कम गरौं,
- सडकको समय-समयमा मर्मतसम्भार गरौं,
- सडकमा निर्माण सामग्री नराखौं।

**शहरलाई सफा राखौः सुन्दर बनाऔं।**

रामगोपालपुर नगरपालिका, महोत्तरी

अत्याधुनिक प्रविधि तथा विशेषज्ञ सेवासहित ३ बर्ष नर्सिङ कलेज भएको
महोत्तरीको एकमात्र अस्पताल

२४ सै घण्टा इमर्जेन्सी सेवा
Endoscopy/Diode Laser सेवा
बिभिन्न रोगहरुको विशेषज्ञ डाक्टरहरुद्वारा उत्कृष्ट स्वास्थ्य सेवा
ICU, NICU, PICU सेवा
Laproscopy सेवा
24/7 Ambulance सेवा
X-Ray, USG, CT Scan सेवा
क्याबिनको रमेनेट व्यवस्था भएको




शुभ स्वस्तिक हस्पिटल प्रा.लि.
मेनरोड बर्दिबास, महोत्तरी
044-550255

खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) कार्यकारी सम्पादक : विशाल बस्नेत (९८६३६३२९८९)
उप-सम्पादक : धर्बेन्द्र कुमार यादव 'यदुवंशी' (९८५४०२९०५३) E-mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा   मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा,